विदुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

(तेस्रो पटक सूचना प्रकाशित मिति (२०८१/०५/११)

**(E- biding only)**

**आ.व. २०८१/०८२ को लागि ह्यूम पाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीको निकासी कर दस्तुर उठाउने ठेक्का वन्दोवस्तको लागि १५ दिने राष्ट्रिय स्तको वोलपत्र सम्बन्धी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली र नगरपालिकाको आर्थिक ऐन २०८१ ले तोके बमोजिम विदुर नगरपालिका क्षेत्र भित्र बाट निकासी हुने ह्यूमपाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीहरुको निकासी कर दस्तुर उठाउन वोलपत्र आव्हान कागजातमा तोकिएको अनुमानित परिमाण भित्र रही आर्थिक बर्ष २०८१/२०८२ का लागि स्थानीय कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुले तपसिल बमोजिमको ठेक्काहरुमा उल्लेखित शर्तहरुको अधिनमा रही बढाबढको वोलपत्र सम्बन्धी प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण शिर्षक | न्यूनतम कवोल अंक (मू.अ. कर बाहेक ) | धरौटि रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| BM/NCB/Revenue/02/2081-082 | ह्यूमपाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीको निकासीकर दस्तुर संकलन, कर असुल गर्ने । | ८,३३,४०० | कवोल अंकको ५ प्रतिशत | १,०००/- |

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ व ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र व्यक्तिको हकमा नेपाली नागरिकता, स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि समेत र वोउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगद तिरेको रसिद वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय त्रिशुलीमा रहेको यस कार्यालयको खाता नं.०२६०३००००१००१००००४ मा (फिर्ता नहुने गरी) नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेस गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र कार्यालयमा उपस्थित भई बोलपत्र पेस गर्नु पर्नेछ । वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np/egp बाट वोलपत्र सम्बन्धित

विनोद कुमार खनाल
प्रमुख प्रशासकिय अधिकृत

कागजातहरु अपलोड गनुपर्नेछ । वोलपत्र सूचना र कागजात नगरपालिकाको वेभसाइट www.bidurmun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिनेछ ।

२ तोकिएको वोलपत्र दस्तुर यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैक शाखा कार्यालय त्रिशुलीमा रहेको आन्तरिक राजश्व खाता नं.०२६०३००००१००१००००४ मा (फिर्ता नहुने गरी) जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नु पर्नेछ ।

३. वोलपत्र सम्बन्धि फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४.आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटि रकम यस कार्यालयको नेपाल बैक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं.०२६०३००००३००००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र नं. र कामको विवरण उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिनको म्याद भएको विड वण्ड वोलपत्र कागजात साथ पेश गर्नु पर्नेछ ।

५.वोलपत्रदाताले वोलपत्र कागजातको प्रत्येक पानामा सहिछाप गर्नुपर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन ।

७. रितपुर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. इच्छुक वोलपत्रदाताले कार्यालयको राजस्व शाखाबाट वोलपत्र सम्वन्धि विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ ।

९. वोलपत्र सम्बन्धि विस्तृत जानकारी वोलपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. वोलपत्रदाताले एकमुष्ट कवोल अंकको रकम बुझाउनु पर्ने छ । यदि वोलपत्रदाताले किस्ता बन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ५० प्रतिशत रकम र मु.अ.कर समेत सम्झौता गर्दाको बखत अनिवार्य वुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकमको हकमा (मु.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी गरिएको २०८२ श्रावण मसान्त सम्म अवधि भएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ५० प्रतिशत रकममा ३० प्रतिशत पौष मसान्त र २० प्रतिशत रकम चैत्र मसान्त सम्ममा बुझाउनु पर्ने छ । करमा कुनैपनि छुट सुविधा हुनेछैन ।

१२. नियमानुसार नेपाल सरकारलाई वुझाउन पर्ने आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाउन पर्नेछ ।

विनोद कुमार जनाल
प्रमुख प्रशासकिय अधिकृत

१३ नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा वोलपत्रदाताले राखेको धरौटि जफत गरी कानुन बमोजिम प्रक्रिया अगाडी बढाइनेछ ।

१४. उठाइने करका दर र परिमाणहरु दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१५. यो सूचना आर्थिक बर्ष ०८१/०८२ बाँकी अवधिको लागि मात्र हुने छ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१६. विदुर नगरपालिका र वोलपत्रदाता विचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१७. नगरपालिका र वोलपत्रदाता बीच सम्झौता भएको मिति देखि सम्झौता कार्यान्वयन भएको मानिनेछ । जुनसुकै मितिमा सम्झौता भएपनि कवोल रकममा कुनै छुट दावि गर्न पाइने छैन ।

१८. यस सूचना र वोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र वोलपत्र कागजात वमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
विदर नगरपालिका

विनोद कुमार बनाल
प्रमुख प्रशासकिय अधिकृत